प्रस्तावदाताले पेश गर्ने निवेदनको ढाँचाः

मितिः..................

विषयःप्रस्ताव पेश गरेको सम्वन्धमा।

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
दमक नगरपालिका,झापा।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट प्रकाशित सूचना मुताविक ६५दिने (३९०घण्टे)आधारभूत ब्युटीशियन तालिमका कार्यक्षेत्रगत शर्तका आधारमा हाम्रो संस्था/फर्म काम गर्नका लागि मञ्जुर भई पूर्ण राजी खुशीका साथ आर्थिक प्रस्ताव र माग भएका कागजात पेश गर्दछौं।

संस्थाको नामः............................
कार्यकारी अधिकारीको सहिछाप
छापः

दमक नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोशी प्रदेश, झापा

# ६५ दिने (३९०घण्टे)ब्युटीपार्लर तालिम संचालन सम्बन्धि कार्यक्षेत्रगत शर्त (TOR)

१.पृष्ठभूमिः

बर्तमान संविधानले परिकल्पना गरेको स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाको समग्र विकासमा आधारित समृद्धिसँग जोडिएका तमाम योजनाहरुको सफल कार्यान्वयनलाई प्रभावकारी बनाउनु सम्बन्धित सरोकारवालाहरुको अहम कर्तव्य भित्र पर्दछ। बर्तमान परिवेशमा स्थानीय सरकार सञ्चालन ऐनले गरेको ब्यबस्था बमोजिम जनप्रतिनिधि,कर्मचारी,स्थानीयबासी लगायत सम्बन्धित सरोकारवालाको अन्तरनिहित सीप र क्षमताको थप विकास गर्दै यसको सही सदुपयोग गर्ने वातावरण विकास गर्नु तथा योजना तर्जुमा र कार्यान्वयनमा उनीहरुको सहभागितालाई अभिबृद्धि गर्दै थप वलियो बनाउनु अनिवार्य भएको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेका क्षेत्राधिकार लाई समेट्दै नगरपालिकाको समग्र विकासलाई बलियो भरपर्दो र यथार्थपरक बनाउने उद्देश्यका साथ६५ दिने (३९०घण्टे)ब्युटीपार्लर तालिम सञ्चालनको लागि यस कार्यक्षेत्रगत शर्त बनाईएको हो।

२. कार्यक्रमको उद्देश्यः

क) उद्यमशील समाज निर्माण गर्नु।

ख) आर्थिक सशक्तिकरण गर्नु।

ग) रोजगारी र स्वरोजगारीमा आधार सृजना गर्नु।

३. सेवा प्रदायकको योग्यता कार्यक्षेत्र र गर्नुपर्ने कामहरुः

क. ६५ दिने (३९०घण्टे)ब्युटीपार्लर तालिम सञ्चालनको उद्देश्य राखी नेपाल सरकारका निकायहरुमा दर्ता भएका फर्म, संस्था कम्पनीहरु र चालु आ.व.को लागि नविकरण/अध्यावधिक गरेको पत्र।

ख. प्रचलित कानून अनुसार स्विकृति संबन्धन लिनुपर्ने विषयहरुमा संबन्धन हुनुपर्ने।अन्य संबन्धित निकायबाट अनुमति लिनुपर्ने विषयहरुमा सम्बन्धन लिएको।

ग. PAN/VAT मा दर्ता भएको ।

घ. आ.व.०८०/०८१ सम्मको कर चुक्ताको प्रमाणपत्र भएको ।

ङ. नगरपालिकामा सुचिकृत भएको।

४. तालिम प्रदायक संस्थाहरुले तोकिएका उद्देश्यहरु हासिल हुने गरी देहाय बमोजिमका अवधिसम्म तालिम संचालन गर्नुपर्नेछ ।

| सि .नं | तालिम संचालन गर्ने स्थान | तालिमको विषय | प्रशिक्षार्थी संख्या | रकम प्रतिव्यक्ति VATसहित रु | तालिम समूह | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| १ | दमक नगरपालिका क्षेत्र भित्र | महिला लक्षित आधारभूत तहको ब्युटीपार्लर तालिम | कम्तिमा ३० जना | ९६२२.३८/ | १ | ६५ दिन/३९० घण्टे |

- काम सन्तोषजनक नभएमा भुक्तानी दिन कार्यालय बाध्य हुने छैन ।
- प्रस्तावित काम परामर्शदाताले सव-कन्ट्राकमा दिन सक्ने छैन ।
- प्रस्ताव पेश गर्दा झुठा विवरण समावेश गरिएको पाईएमा सोको छानविन गरी प्रस्ताव रद्द गरिनेछ ।
- प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा टिप्पणी गर्न पाउने छैन ।

५. सेवा प्रदायक संस्थाको मुख्य जन शक्तिको काम तथा योग्यता

क) प्रशिक्षकको योग्यता:

- मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्युटीसियन तह १ को सीप परिक्षा उत्तीर्ण र कम्तिमा ३ वर्षको अनुभव भएको।

६. सेवा प्रदायक संस्थासँग प्रस्ताव माग गर्ने र पेश गर्ने सम्बन्धमा:

- प्रस्तावकहरुले आर्थिक प्रस्ताव पेश गर्ने सुचना प्राप्त गरे पश्चात आर्थिक प्रस्ताव पेश गरी स्वीकृत भएपछि प्रस्तावित कार्यविधि, कार्ययोजना, जनशक्तिको वैयक्तिक विवरण तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका कुराहरु समावेश गर्नुपर्नेछ ।
- आर्थिक प्रस्तावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सहि गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

७. आर्थिक प्रस्ताव मुल्याङ्कन गर्ने आधारहरु:

- ✓ तोकीएका न्यूनतम आधार पुगेको र सवैभन्दा न्युन कवोल गर्ने प्रस्तावदाताको प्रस्तावलाई स्वीकृत गरीनेछ।

८. सेवा प्रदायक संस्थाको दायित्व/भूमिका

- ➢ तालिम सञ्चालनका लागि स्थान,तालिम सामाग्री औजार तथा उपकरणहरु आवश्यक्तानुसार व्यवस्था गर्नुपर्नेछ ।
- ➢ तालिमका सहभागीहरुलाई दैनिक खाजा तथा अन्य कुराहरुका सम्बन्धमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
- ➢ तालिममा सहभागिहरुको न्यूनतम ९० प्रतिशत रुजु हाजिर भएको हुनुपर्ने ।
- ➢ तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्नुपर्ने ।
- ➢ सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समाप्त भएको दिनबाट थप १ महिनाको दायित्व अवधि सेवा प्रदायकमा रहनेछ।
- ➢ परामर्शदाताले संचालन गरेको तालिमको सम्बन्धमा कुनै सिकायत प्राप्त भएमा पुनः सो तालीम सञ्चालन गर्नुपर्नेछ। उक्त कार्यका लागि लाग्ने खर्च तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ ।
- ➢ तालिम सञ्चालनको क्रममा नेपाल सरकारलाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सोको जिम्मेवार सम्बन्धित तालिम प्रदायक स्वमं हुनेछ ।

९. क्षतिपूर्ति तथा हर्जाना सम्बन्धी व्यवस्था:

सेवा प्रदायकको ढिलासुस्ती वा अन्य कारणले प्रस्ताव तथा पछि सम्पन्न गरिने सम्झौतामा तोकिए बमोजिम तालिम कार्यक्रम सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसकेको कामका लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित परामर्शदाता/सेवा प्रदायकले नै व्यहोर्नुपर्नेछ।

१०.अनुगमन सुपरिवेक्षण तथा सिफारिस:

- ➢ ६५ दिने (३९०घण्टे)ब्युटीपार्लर तालिम संचालनका क्रममा बीच बीचमा तालिमको अनुगमन/सुपरिवेक्षण गर्न नगरपालिकाबाट पदाधिकारी/कर्मचारीहरु पनि खटाउन सकिनेछ।
- ➢ सेवा प्रदायक फर्म संस्था वा कम्पनीले नगरपालिकाबाट तोकिएको स्थानमा तालिम प्रदान गर्नुपर्नेछ।
- ➢ तालिममा संलग्न हुने सहभागीहरु सम्झौतामा उल्लेख भए बमोजिम वा नगरपालिकाले तोके बमोजिम हुनेछ ।
- ➢ तालिम दिनको बढीमा ६ घण्टा वा आवश्यक्तानुसार संचालन गर्न सकिनेछ।

११.सेवा प्रदायक संस्थाले उपलब्ध गराउने सूचना तथा अन्य विवरण:

- कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने समस्याहरु,अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान प्रदान गर्नुपरेमा नगरपालिकामा सम्पर्क गर्नु पर्नेछ। साथै आर्थिक कारोबार तथा करको सम्वन्धमा नगरपालिको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ।
- नगरपालिकासँग सम्झौता भए पछि काम शुरु गर्नुपर्नेछ। साथै सम्पूर्ण तालिम कार्यक्रम सम्झौतामा तोकिएको मिति र समय भित्र सम्पन्न गरी कार्यक्रम सम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।
- विदा वा बन्द भई समय अपुग हुने अवश्था भएमा अन्य दिन तालिम संचालन गरेर भए पनि तोकिएको कार्य घण्टा पुरा गरेको हुनुपर्नेछ।
- नगरपालिका र सेवा प्रदायक विच सम्पन्न सम्झौताका शर्तहरु बमोजिम तालिम कार्यक्रम संचालनको क्रममा आईपर्ने समस्याहरु,अन्य आवश्यक विषय र परिस्तिथतिमा सूचना आदानप्रदान गर्नुपरेमा नगरपालिकामा सम्पर्क गर्नुपर्नेछ ।
- यस TOR सहितको प्रस्तावमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

## १२. तालिमको विषयबस्तु:

तालिमको विषयवस्तु छनौट गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद पाठ्यक्रम विकास महाशाखाको सहायक व्युटीसियन (३९०घण्टे)को पाठ्य संरचना बमोजिम हुनेछ।

नोट:प्रत्येक पेजमा सहि छाप गरी पेश गर्नुहुन।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
कोशी प्रदेश, नेपाल

अधिकृत छैटौं
दमक नगरपालिका

प्रस्तावदाताले पेश गर्ने प्रस्ताव:

| सि.नं. | कामको विवरण | प्रति व्यक्ति प्रस्तावित दर(VAT)सहित | कैफियत |
|---|---|---|---|
| १ | ६५दिने (३९०घण्टे)<br>आधारभुत ब्युटीपार्लर तालिम। | अंकमा'<br><br>अक्षरमा: | |
| | | | |

पेश गर्ने प्रस्तावदाताको सहि:

छाप: